नेपाल सरकार
कृषि तथा पशुपंन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई**
सिन्धुपाल्चोक, चौतारा

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई सिन्धुपाल्चोक

# गाइभैंसी जोनमा आवद्ध हुन आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०४।१४

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना निर्देशक समितिद्वारा चालु आ व २०७८/७९ देखि काभ्रे तथा सिन्धुपाल्चोक जिल्लामा गाइभैंसी जोन विकास कार्यक्रम सन्चालन गर्ने निर्णय भए अनुसार परियोजना कार्यान्वयन एकाइ सिन्धुपाल्चोकवाट कार्यक्रम कार्यान्वयनको लागि "प्रतिस्पर्धि क्षेत्र" निर्धारण गर्न जरुरी भएकोले यस अघिदेखिनै प्रदेश वा स्थानिय तहहरुवाट गाइभैंसीको ब्लक वा पकेट विकास कार्यक्रम सन्चालन भइरहेका क्षेत्र भित्रका समुदाय वा त्यस्तो कार्यक्रम यसअघि सन्चालन नभएको भएता पनि दुवै जिल्लाका दुग्ध व्यवसायको लागि लोकप्रिय रहेका क्षेत्र भित्रका इच्छुक समुदायले स्थानिय तहहरुको समेत सहभागिता र सिफारिसका आधारमा यहि भाद्र १४ गते भित्र कार्यालय वा काभ्रेपलान्चोकको बनेपास्थित यस इकाईको प्राविधिक शाखामा आवेदन पेश गर्नुहुन सूचित गरिएको छ।

**आवेदन पेश गर्दा संलग्न राख्नु पर्ने कागजात हरुः**

- रित पुर्वक पेश गरिएको निवेदन
- लगानी साझेदारी गर्ने प्रयोजनको लागि सम्बन्धित स्थानीय तहको प्रतिवद्धतापत्र वा सिफारिस पत्र।
- जग्गा भाडामा लिई व्यवसाय गरिने भएमा कम्तीमा दश वर्षको सम्झौता पत्रको प्रतिलिपि।
- संस्थाको पान नम्वर, कर चुक्ता प्रमाणपत्र, वैंक स्टेटमेन्ट, नागरिकता एवं लालपुर्जा को प्रतिलिपि।
- स्थानिय तहहरुवाट प्रमाणित गरिएको आधारभुत तथ्यांक विवरणहरु।

**तथ्यांक विवरण भन्नाले निम्न वमोजिमका सुचनाहरुलाइ वुझाउने छः**

प्रस्तावित जोनले समेट्ने क्षेत्रफल, प्रस्तावित क्षेत्र भित्रका लाभग्राहिहरुको संख्या, आवश्यक पर्न सक्ने अनुदान सहयोगको विषयहरु; प्रस्तावित कार्यले सिर्जना गर्न सक्ने रोजगारीको प्रकृति र अवसर; दाना, पानी, चरिचरन तथा पशु स्वास्थ्य सेवाको उपलव्धता; वजार पुर्वाधारको अवस्था; प्रश्तावित क्षेत्रभित्र हाल रहेका उन्नत तथा स्थानिय दुधालु गाइभैंसीको संख्या; र प्रस्तावित क्षेत्रवाट वजारीकरण हुने गरेका उत्पादन तथा तिनको परिमाण र भावी लक्ष।

निवेदन तथा आधारभुत तथ्यांक संकलन फारामको ढाचा प्राप्त गर्नको लागि कार्यालयको वेवसाइट https://piusindhupalchowk.pmamp.gov.np वा आधिकारीक फेसवुक पेज वा कार्यालय मा सम्पर्क गर्न सकिने छ।


<u>विस्तृत जानकारीको लागी</u>
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई**
सिन्धुपाल्चोक
<u>सम्पर्क नं</u>. ०११-६२०३७०/६२०१२५ (सिन्धुपाल्चोक)
०११-६६२४४९/६६२२५८ (काभ्रेपलाञ्चोक)
**Email:- pmamp.piu.sindhupalchok@gmail.com**